गाउँ कार्यपालिकाको बैठक   औं

मिति २०८२/०९/२४

समयः बिहान ७:०० बजे

आज मिति २०८२/०९/२४ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावमाथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री बाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ      का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

शिक्षा अधिकृत श्री राजन ढकाल

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

**प्रस्तावहरू**

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२. विपद्द्वारा क्षति भएको सडक मर्मतको भुक्तानी सम्बन्धमा।
३. गाउँसभाको मिति तोक्ने सम्बन्धमा।
४. एकघर एक करेसाबारी कार्यक्रम संचालन कार्यविधि सम्बन्धमा।
५. समपुरक योजना छनौट सम्बन्धमा।
६. भेरिएसन आदेश (VO) स्विकृत गर्ने सम्बन्धमा।
७. राहत सम्बन्धमा।
८. पहिरो रोकथाम सम्वन्धमा।
९. कभर्ड हलको जग्गा सम्बन्धमा।
१०. केन्द्रीय विद्युत प्रशारण लाईन व्यवस्थापन सम्बन्धमा।

निर्णयहरु

**निर्णय नं. १. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो। यस कार्यपालिकाको बैठक साकेला गाउँपालिकासँगको समन्वयमा टेम्के डाँडामा गर्ने भन्ने अघिल्लो बैठकमा निर्णय भएकोमा प्रतिकुल मौसमको कारण उक्त कार्यक्रम स्थगित गरी पालिकामा बैठकको आयोजना गरिएको छ।

**निर्णय नं. २. विपद्द्वारा क्षति भएको सडकको भुक्तानी सम्बन्धमा।**

यस गाउँपालिकामा मिति २०८२ असोज १८ र १९ गते आएको अविरल बर्षातको कारण विभिन्न सडकहरू क्षति भएको हुँदा उक्त सडक मर्मत कार्यको लागि प्राविधिकबाट लागत अनुमान तयार गरी कार्यान्वयन प्रकृया अगाडि बढाई कार्यसम्पन्न भइसकेको हुँदा उक्त कार्यको तपसिल बमोजिमको मुल्याङ्कन रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निंर्णय गरियो ।

| क.स | फर्मको नाम | शिर्षक | लागत अनुमान रकम | मुल्याङ्कन रकम |
|---|---|---|---|---|
| १ | अंशु निर्माण सेवा भोजपुर - ७ | मुख्य सडक मर्मत तथा पहिरो सोहोरसार वडा नं.९ | २९३५०६.२० | २९००२०.९२ |
| २ | निनाम्बुङ निर्माण सेवा टेम्केमैयुङ-२ | वडाको मुख्य सडक पहिरो सोहोरसार वडा नं.२,४,५ र ७ टेम्केमैयुङ गाउँपालिका | ९६९४१९.४३ | ९६५२८३.२६ |
| ३ | जलजले निर्माण सेवा टेम्केमैयुङ-२ | पहिरो सोहोरसार पाटीगाउँ केराबारी सडक वडा नं. ३ | ४४४१०४.१८ | ४३२५००.४२ |

**निर्णय नं. ३. गाउँसभाको मिति तोक्ने सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिकाको १९ औ गाउँसभा मिति २०८२।१०।२६ गते बस्ने निर्णय गरियो। सो को तयारीका लागि विषयगत समिति तथा गाउँकार्यपालिकाको कार्यालयलाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतवाट पारित गरियो।

**निर्णय नं. ४. एकघर एक करेसाबारी कार्यक्रम संचालन कार्यविधि सम्बन्धमा।**

टेम्केमैयुङ गाउँपालिकाको एक घर एक करेसाबारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८२ माथि छलफल भई सर्वसम्मतबाट पारित गरियो।

**निर्णय नं. ५. समपुरक तथा विशेष अनुदानका योजना माग गर्ने सम्बन्धमा।**

समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०८२ मा तोकिएको क्षेत्र र आधारको परिधिभित्र रही आ.व.२०८३।८४ मा संचालन गर्न तपशिलका आयोजनाहरु राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

तपशिलः

१. समपुरक अनुदान तर्फः

| सि.नं. | आयोजनाको नाम | बजेट माग रकम |
|---|---|---|
| १ | नागी जिरो प्वाइन्ट देखि खावा पिङडाँडा भोर्नागी हुँदै पाँचधारे सम्म सडक कालोपत्रे | ७,००,००,०००।– (सात करोड) |

२. विशेष अनुदान तर्फः

| सि.नं. | आयोजनाको नाम | बजेट माग रकम |
|---|---|---|
| १. | फोहोरमैला व्यवस्थापन | १,५०,००,०००।– (एक करोड पचास लाख) |
| २. | माक्सा महभीर पाङतेखा हुँदै सोइना कुलो सिँचाई योजना वडा नं ४ र ३ | १,५०,००,०००।– (एक करोड पचास लाख) |

निर्णय नं. ६. भेरिएसन आदेश (VO) स्विकृत गर्ने सम्बन्धमा।

यस गाउँपालिकाको तपसिल बमोजिमको ठेक्काहरूमा भएको भेरिएसन आदेश स्विकृत गर्ने निर्णय गरियो।

क) ठेक्का नं. 11/BHO/TRM/LFS/081/082 Construction of Dumping Site for Recycle, Reculture and Management of Solid Waste मा Cutting, Earthwork, Soling जस्ता कार्यको परिमाण BOQ मा भएको भन्दा कम सम्पन्न भएको र उक्त कम कार्यको प्राविधिक पुष्ट्याई समेत प्राप्त भएको हुँदा उक्त ठेक्काको -१३.८९ रकम बराबरको भेरिएसन आदेश (VO) स्विकृत गर्ने निर्णय गरियो।

ख) ठेक्का नं. 10/BHO/TRM/BLD/081/082 Construction of Basic Health Care Center Building at Temkemaiyung RM Ward No. 1 मा RCC, Formwork जस्ता कार्यको परिमाण BOQ मा भएको भन्दा कम सम्पन्न भएको र उक्त कम कार्यको प्राविधिक पुष्ट्याई समेत प्राप्त भएको हुँदा उक्त ठेक्काको -११.३५ रकम बराबरको भेरिएसन आदेश (VO) स्विकृत गर्ने निर्णय गरियो।

ग) ठेक्का नं. 09/BHO/TRM/BLD/081/082 Construction of Health Care Building at Temkemaiyung RM Ward No. 09 मा Earthwork, Stone Masonry, PCC, RCC, Formwork, Supply of GI Wire जस्ता कार्यको परिमाण BOQ मा भएको भन्दा कम सम्पन्न भएको र उक्त कम कार्यको प्राविधिक पुष्ट्याई समेत प्राप्त भएको हुँदा उक्त ठेक्काको -१७.०८ रकम बराबरको भेरिएसन आदेश (VO) स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ७. राहत सम्बन्धमा।

यस गाउँपालिका अन्तर्गत वडा नं ५ मा पहिरो सोहोरसार गर्ने क्रममा माथिबाट झरेको ढुंगाले लागि मृत्यु भएका मृतक श्री पूर्णबहादुर राईको परिवारलाई विपद् व्यवस्थापन कोषबाट रू. १,००,०००।– (एक लाख) राहत स्वरुप प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ८. पहिरो रोकथाम सम्बन्धमा।

वडा नं २ मा रहेको चौधे सडकमा पहिरो गई उक्त सडक तथा आसपासका घर तथा जग्गा जमिन जोखिममा पर्न गएकाले सो पहिरो रोकथामका लागि विपद् व्यवस्थापन कोषबाट लागत अनुमान बमोजिम रू. ३,००,०००।– (तीन लाख) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ९. कभर्ड हलको जग्गा सम्बन्धमा।

वडा नं ३ मा रहेको कभर्ड हलको लागि अघिल्लो कार्यकालमा जम्मा १ रोपनी जग्गा लिने भनी गाउँपालिका र जग्गादाता श्री राममुनी राईका बीच मौखिक सहमति भएकोमा पछि भवन निर्माणको प्रकृति हेर्दा जग्गा अपुग हुने देखिएकोले पालिकाबाट माग भएको आवश्यक थप जग्गा निजले दिनुभएकोमा निजको योगदानको उच्च कदर गर्दै निजलाई स-सम्मान धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो।

निर्णय नं. १०. केन्द्रीय विद्युत प्रशारण लाईन व्यवस्थापन सम्बन्धमा।

पालिकाभित्रका वडाहरूमा संचालित केन्द्रीय विद्युत प्रशारण लाईनमा प्राविधिक समस्या आई विद्युत सेवा अवरूद्ध भइरहने भएकोले नेपाल विद्युत प्राधिकरण भोजपुर शाखा र सम्बन्धित वडाको समन्वयमा उक्त विद्युत प्रशारण लाईन विस्तार तथा व्यवस्थापनको लागि आवश्यक पहल गर्ने निर्णय गरियो।